हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## करार सेवा सम्झौता पत्र

हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय,हेटौंडा र जिल्ला बांके कोहलपुर नगरपालिका वडा नम्बर ३ बस्ने श्री प्रकाश थापा बीच न.पा.को मिति २०७७/०४/०९ को निर्णयानुसार भएको करार सेवा लिने दिने सम्बन्धीको करार सेवा सम्झौता पत्र ।

हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, हेटौंडा (यसपछि पहिलो पक्ष भनिएको को मान सिंह थापाको नाती, राम बहादुर थापाको छोरा, जिल्ला बाकें कोहलपुर नगरपालिका वडा नं.३, बस्ने वर्ष २७ को श्री प्रकाश थापा (यसपछि दोस्रो पक्ष भनिएको) बीचमा करार सेवा लिने कार्यका लागि देहायको शर्तहरुको अधिनमा रही पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भै करार सेवा सम्झौता गरी एक । एक प्रति आपसमा बुझी लियौं, दियौं ।

१. यस करारनामाको अवधी २०७७ श्रावण १ गते देखि २०७८ आषाढ मसान्त सम्म कायम रहनेछ ।

२. कार्यालयको शहरी पूर्वाधार विकास महाशाखा अन्तर्गत रही जु.ईन्जिनियर (सहायक पांचौं) को रुपमा संलग्न कार्य विवरण बमोजिममा तोकिएको कार्य इमान्दारीतापूर्वक गर्नुपर्ने छ ।

३. कुनै कारणबस दोस्रोपक्षले करार अवधि समाप्त हुनु अगाडि नै करार सम्झौता भंग गर्नुपर्ने भएमा एक महिना अगाडि पहिलोपक्षलाई सो को लिखित जानकारी गराउनु पर्ने र यदि दोस्रोपक्षले आफुसंग रहेको जिम्मेवारी एवं सरसामान उपमहानगरपालिकालाई वर बुझारथ गर्नुपर्ने छ र सो बमोजिम नभएमा पहिलोपक्षले दोश्रोपक्षलाई नियमानुसार कारवाही गर्नेछ ।

४. दोश्रोपक्षले करारमा उल्लिखित कुनैपनि काम तोकिएको समयमा जिम्मेवारी पूर्वक पूरा नगरेमा वा दोश्रोपक्षको काम पहिलोपक्षलाई सन्तोषजनक नलागेमा पहिलोपक्षले जुनसुकै बेला करार सम्झौता भंग गरी काम नगरेको अवधिको सुविधा कट्टा गर्नेछ ।

५. दोश्रोपक्षले गैह्र जिम्मेवारी ढंगबाट काम गरी पहिलोपक्षको हानी नोक्सानी पुऱ्याएमा पहिलोपक्षले तोके बमोजिमको हानी नोक्सानीको रकम हर्जनास्वरुप दोश्रोपक्षले पहिलोपक्षलाई बुझाउनु पर्नेछ ।

६. दोश्रोपक्षले करार तथा कार्य विवरणमा उल्लिखित काम गरेवापत पहिलोपक्षवाट देहायका सुविधा प्राप्त गर्न सक्नेछ ।

क. मासिक तलब रु.२८,२००।०० (अठ्ठाईस हजार दुई सय) कर सहित उपलब्ध गराइनेछ । साथै एक महिनाको तलब बराबरको रकम चाडपर्व खर्च तथा पोसाक खर्च एव अन्य कर्मचारीले पाए सरह संचार खर्च,~~खाजा खर्च एवं स्थानीय~~ भत्ता उपलब्ध गराइनेछ ।

ख. दोश्रोपक्षले आफूले काम गरेको महिनाको २ (दुई) दिन घर बिदा, भैपरी तथा पर्व बिदावापत प्रतिमहिना १(एक) दिन र आफैले काज क्रिया गर्नु पर्ने भएमा बढीमा १५(पन्ध्र) दिन क्रिया विदा र १५ दिन प्रशुति स्याहार विदा लिन सक्नेछ तर विदा संचित हुने छैन । (वर्ष भन्नाले प्रत्येक सालको वैशाख १ गतेदेखि सोही सालको चैत्र मसान्तसम्म हुनेछ) ।

ग. दोश्रो पक्षले फिल्डमा समेत गई काम गर्नुपर्ने भएको हुंदा मासिक १०(दश) लि.पेट्रोल दोश्रो पक्षलाई पहिलो पक्षले उपलब्ध गराउने छ । साथै कार्यालय कामको शिलशिलामा जिल्ला बाहिर जानु परेमा प्रचलित कानुन बमोजिम अन्य समान पदका स्थायी कर्मचारीले पाए सरहको दैनिक भ्रमण भत्ता प्राप्त गर्ने छ ।

७. दोश्रोपक्षको कार्य पहिलोपक्षलाई सन्तोषजनक लागेमा पहिलोपक्षले दोश्रोपक्षसंगको करार सेवा अवधि थप गर्न सक्नेछ ।

८. यस करारनामामा उल्लेख गरिएका दुवैपक्षवीच हेटौडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, हेटौडामा यो करार सम्झौता सम्पन्न भयो ।

पहिलोपक्षको तर्फबाट :
दस्तखत:

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय हेटौंडा, मकवानपुर ... नेपाल

दोश्रोपक्षको तर्फबाट :
दस्तखत :

Scanned with CamScanner

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## कार्यविवरण

क) नगरसभा तथा नगर कार्यपालिका बैठकवाट स्वीकृत योजनाहरुको लागत अनुमान, मूल्याकंन, निरीक्षण अनुगमन कार्य गर्ने ।

ख) सिभिल तर्फको प्राविधिक सम्वन्धी सम्पूर्ण कार्य गर्ने ।

ग) नापनक्शा निर्माण तथा तथ्याङ्क सकंलन तथा लागत अनुमान विश्लेषण गर्ने ।

घ) मातहतका कर्मचारीहरुलाई जिम्मेवारी वाडँफाँड गर्ने, समन्वय, अनुगमन, निरीक्षण, प्रमाणित गर्ने ।

ङ) आवश्यकता अनुसार पहिलो पक्षले तोकेको कार्यालय सम्बन्धी सम्पूर्ण कार्य गर्नुपर्नेछ ।

Scanned with CamScanner